मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : ६३ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ माघ ५ गते आइतवार (Sunday, January 19. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

संघीयताको महत्वपूर्ण सार : मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# पूर्वी नाका 'तस्करीको ट्राञ्जिट'

**पार्थ मण्डल**

**भद्रपुर, माघ ४।** नेपालको पूर्वी नाका झापाको मेचीनगरबाट 'प्रहरी सेटिङमै' दिनहुँ तस्करी भइरहेको पाइएको छ । तस्करीसँगको 'प्रहरी सेटिङ'ले नै मेचीनगर पछिल्लो समयमा तस्करीको ट्राञ्जिट पोइन्ट बन्न पुगेको छ । मेचीनगरको ज्यामिरगढी, काँकरभिट्टा, नकलबन्दा, बाहुनडाँगी र तिरीङ लगायतका नाकाबाट दिनहुँ लाखौं मूल्य बराबरको सरसामान तस्करीको माध्यमबाट निकासी तथा पैठारी भइरहेको छ ।

अर्थमन्त्री डा. युवराज खतिवडा झापामा आएका बेला उनले चोरी तस्करी नियन्त्रण गरी राजश्व सङ्कलनमा केन्द्रीत हुन झापाका प्रहरी, प्रशासनसहित भन्सार कर्मचारीलाई निर्देशन दिएका थिए । मन्त्री खतिवडाको निर्देशन झापाका प्रहरी, प्रशासनले पालना नगरी चोरी, तस्करीलाई प्रोत्साहन दिँदा भन्सारको राजश्वमा गिरावट आउन थालेको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ गण हेक्वा झापा, सशस्त्र प्रहरी, राजश्व तथा भन्सार गस्ती सुरक्षा झापा, ८ नम्बर गुल्म काँकरभिट्टा, जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय काँकरभिट्टाले ती नाकामा चोरी तस्करी रोक्न चौबीसै घण्टा प्रहरी परिचालन गर्दै आइरहेका छन् ।



झापाका सशस्त्र प्रहरी र नेपाल प्रहरीले सादा पोशाकका अर्थात् घुमुवा प्रहरी त्यस क्षेत्रमा परिचालन गरेको छ । तर, सशस्त्र प्रहरी र नेपाल प्रहरीका सादा पोशाकमा खटिएका प्रहरी टोलीले तस्करसँगको साँठगाँठमा तस्करी गतिविधिलाई छुट दिँदै आइरहेका छन् । सादा पोशाकका प्रहरी आफ्नो हाकिमलाई साना कारोबारीबाट थोरै सामान बरामद गरी काम गरे जस्तो देखाउने र ठूलो कारोबारीसँग सेटिङमा लाखौंको मूल्य बराबरको सामान ओसारपसार कार्यमा संलग्न हुने गरेको एक कारोबारीको दाबी छ ।

सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ गण हेक्वा झापाले जिल्ला हेर्नलाई सादा पोशाकमा सशस्त्र प्रहरी जवानद्वय भक्त लिम्बू र विकास श्रेष्ठलाई खटाएको छ । सशस्त्र प्रहरी राजश्व तथा भन्सार गस्ती सुरक्षा झापा ८ नम्बर गुल्म काँकरभिट्टाले सादा पोशाकमा वरिष्ठ हवल्दार सुरेश न्यौपाने, वरिष्ठ हवल्दार नरेन्द्र नेम्बाङलाई खटाएको छ । इलाका प्रहरी कार्यालय काँकरभिट्टाले सादा पोशाकमा प्रनानि राजेन्द्र पासवान, प्रहरी जवान तेजबहादुर चौलागाँईलाई खटाएको छ ।

त्यस्तै प्रहरी कार्यालय झापाले सादा पोशाकमा काँकरभिट्टा क्षेत्रका लागि प्रनानि राजेन्द्र चौहानको नेतृत्वमा प्रहरी हवल्दार यमकुमार श्रेष्ठ र तेजबहादुर, वीरेन्द्र मण्डललाई खटाएको छ । अहिले मेचीनगरका विभिन्न नाकाहरूबाट भन्सार छलेर दैनिक लाखौं मूल्य बराबरको लत्ताकपडा, हार्डवेयरका सामान, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स सरसामान भित्रिरहेको छ । नेपालबाट भारततर्फ दिनहुँ सुक्खा सुपारी, छोगडा, हरियो मटर, सुकुमेल, चाइनिज नास्पाती, मरिच, फरेनगुड्सका सरसामान धमाधम गइरहेको छ ।

**एक करोडभन्दा बढीको सामान बरामद**

झापाको काँकरभिट्टा नाकामा अहिलेसम्मकै ठूलो परिमाणमा तस्करी गतिविधि भइरहेको छ । नेपालबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

# 'एमसीसी र सभामुखबारे छिट्टै निर्णय'

**काठमाडौं, माघ ४।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रवक्ता नारायणकाजी श्रेष्ठले अमेरिकी सहयोग सम्बन्धी प्रस्ताव मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) बारे पार्टीले छिट्टै आवश्यक निर्णय लिने बताएका छन् ।

म्याग्दीमा आयोजित एक कार्यक्रममा उनले नेपालको विद्युत् प्रशारण लाइन र सडक स्तरोन्नतिका लागि अमेरिकाले घोषणा गरेको सहयोग प्रस्ताव एमसीसीलाई संसद्बाट पारित गराउने विषयमा सत्तारुढ दल नेकपाभित्रै विवाद उत्पन्न भइरहेको सन्दर्भमा राष्ट्रियहितलाई केन्द्रमा राखेर निर्णय गरिने बताए ।

पार्टीको सचिवालय बैठकले राष्ट्रिय स्वाधीनता र विकासलाई ध्यान दिएर

*(बाँकी अन्तिम पृष्ठमा)*

## आवश्यकता

**प्रथम पटक प्रकाशित मिति: माघ ३, २०७६ (१७ जनवरी २०२०)**

प्रदेश र स्थानीय तहका सरकारहरुको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता विकास गर्ने अभिप्रायले नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (पिएलजिएसपि) सञ्चालनमा ल्याएको छ । कार्यक्रमको मुख्य लक्ष्य दिगो, समावेशी र जवाफदेही प्रदेश र स्थानीय सरकार निर्माणमा सहयोग पुर्‍याउनु रहेको छ । यस कार्यक्रमबाट निम्न तीन नतिजा अन्तर्गतका १४ प्रतिफल प्राप्त हुने अपेक्षा गरिएको छ ।

- संघीय संरचना अन्तर्गतका अन्तर-सरकारी संयन्त्र पूर्णरुपमा सञ्चालनमा आउने,
- प्रदेश र स्थानीय तहमा सक्षम, प्रभावकारी, समावेशी र जवाफदेही संयन्त्रहरु स्थापित हुने,
- नागरिकलाई सन्तुष्ट पार्ने गरी सेवा प्रवाह गर्न प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधि र निजामती कर्मचारीहरुको क्षमता विकास गर्ने,

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले यस कार्यक्रमको कार्यान्वयनमा प्राविधिक सहयोग गर्नको लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग साझेदारी गरिरहेको छ । यस अनुरुप, योग्य, प्रतिभावान र नतिजामुखी नेपाली नागरिकहरुबाट निम्न पदका लागि यो दरखास्त आह्वान गरिएको छ ।

| पद | तह | संख्या | कार्यक्षेत्र |
|---|---|---|---|
| प्रशासन र लेखा अधिकृत | एसवी ४/१ | १ | कार्यक्रम समन्वय इकाइ, काठमाण्डौ |

विस्तृत जानकारी र आवेदनका यस लिंक
**http://www.np.undp.org/content/nepal/en/home/operations/jobs/** मा जानु पर्नेछ । आवेदनका साथमा यु.एन. व्यक्तिगत विवरण (पी ११) फारम माथिको लिंकबाट डाउनलोड गरेर माघ १७, २०७६ गतेसम्म बुझाई सक्नु पर्नेछ ।

**प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई मात्र सम्पर्क गरिनेछ । आवेदकले सन्दर्भमा सुझाएको व्यक्तिलाई युएनडीपी आफैले प्रत्यक्ष रुपमा सम्पर्क गर्न सक्नेछ ।**

युएनडीपी अपागंता भएका व्यक्ति, अल्पसंख्यक समूह, यौनिकता तथा जात/जातीयता आदिका आधारमा समावेशिता हासिल गर्नका लागि प्रतिबद्ध छ । साथै, सबै तहका कर्मचारी संरचनामा लैंगिक समानता सुनिश्चित गर्ने नीति युएनडीपीको रहेको छ । तसर्थ, योग्यता पुगेका महिला उम्मेदवार तथा पछाडि पारिएका र सामाजिक बहिष्करणमा परेका समूहका उम्मेदवारलाई आवेदन दिनका लागि विशेष प्रोत्साहित गरिन्छ ।

सबै आवेदनहरुमा उच्च गोपनीयता कायम गरिनेछ ।

# वरण्डाबाट खसेर एक जनाको मृत्यु

**उदयपुर, माघ ४।** उदयपुरको कटारी-६ चुहाडस्थित टाँडे घरको बरण्डाबाट खसेरएक जनाको मृत्यु भएको छ ।

गत बिहीबार साँझ ७ बजेको समयमा बर्ष २७का दिवस कार्की आफ्नै टाँडे घरको दोस्रो तलाको बरण्डाबाट तल खस्दा गम्भीर घाइते भएका थिए । घाइते उनलाई उपचारको लागि बिराटनगरस्थित नोबेल अस्पताल ल्याइएकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# ब्राउन सुगर बोक्दा...

**झापा, माघ ४।** झापाको बिर्तामोड नगरपालिका-३बाट नियन्त्रित लागूऔषध ब्राउनसुगरसहित दुई जनालाई पक्राउ गरिएको छ ।

बिशेष सूचनाको आधारमा अस्थायी प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले बिर्तामोड-२का २६ बर्षीय बिकास उप्रेती र बिर्तामोड-३का सुवास तामाङलाई २७ ग्राम ब्राउनसुगर र निजहरुले प्रयोग गरेको मे३प ८९८ नम्बरको स्कुटरसहित पक्राउ गरेको हो । पक्राउ परेका दुवै जनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।



## सत्य निरुपण र बेपत्ता आयोगका पदाधिकारीको नाम सिफारिस

**काठमाडौं, माघ ४।** सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारीको नाम सिफारिस गरिएको छ ।

पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित पदाधिकारी सिफारिस समितिले शनिवार कानून, न्याय तथा संसदीय मामिलामन्त्री भानुभक्त ढकालमार्फत सरकारलाई पदाधिकारीको नाम सिफारिस गरेको मन्त्रालयका सहायक प्रवक्ता कमलराज गौतमले जानकारी दिए ।

सिफारिस गरिएकामा सत्य निरुपण आयोगको अध्यक्षमा डा. गणेशदत्त भट्ट र बेपत्ता आयोगको अध्यक्षमा युवराज सुवेदी रहेका छन् ।

पदाधिकारीविहीन भएको नौ महिनापछि समितिले नाम सिफारिस गरेको हो । समितिका सदस्य शर्मिला कार्कीले २४औँ बैठकबाट दुवै आयोगका पाँच/पाँच जना पदाधिकारीको नाम सिफारिस गरिएको जानकारी दिइन् ।

उनले सिफारिस गरिएका नाम कानून मन्त्रालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई बुझाइएको जानकारी दिइन् । उनले नाम सिफारिस गर्न विभिन्न कानूनी प्रक्रियाले ढिलाइ भएको स्वीकार गरिन् । 'आयोग सम्बन्धी कानून पनि संशोधन गर्नु थियो'- उनले भनिन्- 'विभिन्न प्रक्रियाले गर्दा नाम सिफारिसमा ढिलाइ भएको हो ।'

सरकारले गत चैत्र ११ गते ती दुवै आयोगका पदाधिकारीको नाम सिफारिस गर्नका लागि मिश्रको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको थियो । गत चैत मसान्तदेखि आयोग पदाधिकारीविहीन हुँदा शान्ति प्रक्रियाका बाँकी काम टुङ्गिन सकेका छैनन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओली, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच भएको छलफलमा आयोगका पदाधिकारीको नाम सिफारिस गरेपछि मन्त्रिपरिषद्बाट नियुक्त गर्ने सहमति भएको थियो ।

## प्रेमिकाको हत्या गरेको टेलिभिजनमा स्वीकारेपछि...

**झापा, माघ ४।** हाम्रो बिहेको कुरा चलिरहेको थियो । तर, उसको परिवारले कुनै न कुनै समस्या सिर्जना गरिरहन्थ्यो । उनीहरूले तिनीजस्तै म सरकारी जागिरे नभएको भन्थे । त्यसैले मैले तिनलाई सिध्याइदिएँ ।

भारतको चण्डीगढबाट प्रशारित हुने एउटा टेलिभिजनको प्रत्यक्ष प्रशारणको कार्यक्रममा २७ वर्षीय मनिन्दर सिंहले यिनै शब्दमार्फत अपराध स्वीकार गरे । प्रत्यक्ष प्रशारण हुने उक्त कार्यक्रममा मंगलवार मनिन्दरले बताए अनुसार सन् २०१९ को डिसेम्बर ३० तारिखमा उनले आफ्नी प्रेमिका सरबजीत कौरको हत्या गरेका थिए । टेलिभिजन कार्यक्रममार्फत् अपराध स्वीकार गरेको केही समयपछि उनलाई प्रहरीले पक्राउ गर्‍यो ।

चण्डीगढको औद्योगिक क्षेत्रमा पर्ने एउटा होटलमा धारिलो हतियारको प्रयोग गरी मनिन्दरले आफ्नी प्रेमिकाको हत्या गरेका थिए । त्यसयता उनी फरार थिए । यो घटनाभन्दा अघिको एउटा हत्या सम्बन्धी मुद्दामा मनिन्दर जमानतमा रिहा भएका थिए ।

प्रहरीका अनुसार सन् २०१०मा पनि उनले हरियाणामा अर्की प्रेमिकाको हत्या गरेका थिए । टेलिभिजनका एक वरिष्ठ कर्मचारीका अनुसार प्रहरी चौकीदेखि करिब तीन किलोमिटर टाढा रहेको स्टेशनसम्म मनिन्दर आफैं आइपुगेका थिए ।

ती कर्मचारीले भने- कार्यालय बाहिर उभिएका हाम्रा क्यामेरा म्यानलाई उनले आफूले एक महिलाको हत्या गरेको बताए । पञ्जाबमा रहेको आफ्ना परिवारका सदस्यलाई प्रहरीले दुःख दिने गरेकाले आफूले आत्मसमर्पण गर्न चाहेको उनले बताए । मनिन्दरको कुरा सुनेपछि ती क्यामेरा म्यानले सो टेलिभिजनका लागि अपराध मामिला हेर्ने संवाददातालाई बोलाए । अन्य कर्मचारीबीच छलफल भएपछि उनलाई स्टुडियोभित्र लगियो । त्यही समयमा



हामीले टेलिभिजन कार्यालयबाट प्रहरीलाई फोन पनि गर्‍यौं- ती कर्मचारीले भने । प्रत्यक्ष प्रशारण हुने कार्यक्रममा मनिन्दरले आफ्नो अपराध स्वीकार गर्नासाथ स्थानीय प्रहरीले उनलाई पक्राउ गर्‍यो ।

प्रहरीका अनुसार मनिन्दर केही महिना अघिसम्म एउटा स्थानीय फर्ममा चालकका रूपमा कार्यरत थिए । उनकी प्रेमिका नर्स थिइन् र उनी चण्डीगढमै जागिरे थिइन् । प्रहरी अधिकारी नेहा यादवले बीबीसीलाई भनिन्- हत्या गरिएकी सरबजीतको घाँटीको घाउ हेर्दा लाग्छ मनिन्दर खुँखार अपराधी हो । प्रचार हुने र मानिसहरूको सहानुभूति पाउने उद्देश्यले पनि टेलिभिजन लाइभ शोमा जाने भनेर उसले निधो गरेको हुन सक्छ- यादवले थपिन् ।

टेलिभिजन कार्यक्रममा हत्याबारे मनिन्दरले गरेको स्वीकारोक्तिलाई अदालतमा प्रमाणको रूपमा पेश गरिने प्रहरीले जनाएको छ । होटलको सीसीटीभी फूटेजमा देखिए अनुसार मनिन्दर र उनकी प्रेमिकाले गत डिसेम्बर ३० तारिखका कोठा लिएका थिए । त्यही साँझ मनिन्दर होटलको कोठाबाट निस्केर गए । भोलिपल्ट होटलका कर्मचारीहरू कोठाभित्र छिर्दा सरबजीतलाई हत्या गरिएको अवस्थामा पाएको बीबीसीले उल्लेख गरेको छ ।

# नहर बन्द हुँदा कृषक मारमा

गणेश अर्याल

**इलाम, माघ ४।** एक हप्तासम्म पनि बार्ता हुन नसक्दा रोङको सिद्धी नहर सञ्चालनमा आउन सकेको छैन । नहर बन्द हुँदा झापाको मेचीनगर नगरपालिका वडा नम्बर १, २, ३ र ४ का किसानहरुले सिञ्चाइ गर्न पाएका छैनन् ।

नहरको पानीको आशामा यतिबेला त्यहाँका किसानले आलु, गहुँ, तोरी, रायो लगायतको हिउँदे तरकारी खेती गर्दै आएका थिए । चुरे क्षेत्रको ढुङ्गा गिटीको अबैध चोरी निकासी भएको भन्दै इलामको रोङ-६का स्थानीयबासीले नहर बन्द गराएपछि किसानहरुलाई सिञ्चाइमा समस्या भएको हो ।

चुरे दोहन गर्ने र खेती गर्ने किसान अलग-अलग भएकाले पानी रोक्नुको अर्थ नभएको मेचीनगर-१का वडाध्यक्ष पासाङ तामाङ बताउँछन् । पानी जाने र चोरी भएको ढुङ्गा जाने ठाउँ एउटै भएकाले पानी रोकेको इलाम रोङ-६का वडाध्यक्ष सुबास तामाङ बताउँछन् । तर, दुबै वडाका अध्यक्षहरु चोरी नियन्त्रण हुनुपर्छ भन्नेमा एकमत देखिएकाले समस्या चाँडै समाधान



हुनेमा स्थानीय भने ढुक्क रहेका छन् । चोरी निकासीमा प्रयोग गर्दै आएका केही ट्याक्टर पनि नियन्त्रणमा लिएर स्थानीयले सलकपुर प्रहरी चौकीलाई बुझाएका छन् ।

पानी बन्द भएपछि मेचीनगर नगरपालिका क्षेत्रका उपभोक्ताहरुले बाटो र बिजुली बन्द गर्ने बिषयमा आन्तरिक छलफल भइरहेको आफूले थाह पाएर त्यसो नगर्न आग्रह गरेको मेचीनगर-१का वडाअध्यक्ष तामाङले बताए । 'ट्याक्टर नियन्त्रण, चोरी निकासी नियन्त्रण लगायतको काममा सहयोग गर्न हामी तयार छौं- मेचीनगर-१का वडाध्यक्ष तामाङले भने- जसले नहर बन्द गर्‍यो, उसैले उठाउनुपर्छ भन्ने उपभोक्ताको भनाइ हो ।

यस अघि रोङ-६मा सर्बपक्षीय भेला बसी एक आपसमा सम्झौता गरिएको रोङ-६का वडाध्यक्ष सुवासले बताए । 'तर सम्झौता अनुसार काम नभएको र चोरी निकासीको कारण नहर धरापमा पर्ने भएकाले दबाब दिन र ढुङ्गा संरक्षण गर्ने पवित्र उद्देश्यले नहरबन्द गरिएको भन्ने रोङका जनप्रतिनिधिले मूल्याङ्कन गरेको रोङ-६का वडाध्यक्ष सुवासले बताए ।

उता सिद्धी नहर उपभोक्ता समितिका अध्यक्ष निलकण्ठ तिवारीले नहरको गेटको चाबी लगेकाले नहर बन्द भएको र स्थानीय उपभोक्ता मारमा परेको बताए । उनले ढुङ्गा चोरी हुँदा पानी बन्द गर्नु सान्दर्भिक नभएको बताए । उता दुबै स्थानीय तहको प्रमुख स्तरमा बसेर छलफल भए समाधान हुने रोङ गाउँपालिकाका अध्यक्ष शम्सेर राईले बताए ।

यो बिषयमा कुरा पनि भइरहेकाले छिट्टै निकास निस्कने अध्यक्ष राईको भनाइ छ । सम्बन्धित पक्षले समस्याको भित्री कुरा बुझेर अरु थप समस्या आउनु अगाडि नै समाधान खोज्न चासो देखाउनुपर्ने दुबै पालिकाका स्थानीयबासीको भनाइ रहेको छ ।



## हुक्का तान्दा रगत जम्ने खतरा

**झापा, माघ ४।** हुक्काबाट गरिने धुम्रपानले रगत जम्ने खतरा उच्च भएको नयाँ अनुसन्धानले देखाएको छ ।

अमेरिकन हार्ट एशोसिएशनको अनुसन्धानमा हुक्काबाट गरिने धुम्रपानले रगत जम्ने खतरा देखाएको हो । मुसामा गरिएको अनुसन्धानमा यस्तो तथ्य फेला परेको बताइएको छ । मानिसहरु चुरोट सेवनको विकल्पका रुपमा हुक्का तान्न रुचाउँछन् । तर, हुक्का तान्दा रगत जम्ने र रगत जमेपछि हृदयघात हुने सम्भावना उच्च भएको अनुसन्धानमा बताइएको छ । *एजेन्सी*

## पूर्वी नाका ...

भारत पैठारी हुने र भारतबाट नेपाल निकासी हुने सरसामान दिनहुँ मेचीनगरको विभिन्न नाकाबाट तस्करी भइरहेको एउटा घटना सार्वजनिक भएको छ ।

भारतीय एसएसबी र पुलिसले काँकरभिट्टाको सीमा नाकामा पर्ने पश्चिम बङ्गालको नक्सलबारीबाट एक करोड २८ लाख मूल्य बराबरको सामान बरामद गरेपछि यस्तो घटना बाहिर आएको हो ।

एसएसबी ४१ बटालियन डी कम्पनीका असिस्टेन्ट कमान्डेन्ट रवि तेजा र इन्स्पेक्टर विवेक कुमारको नेतृत्वमा नक्सलबारी थाना अन्तर्गत पर्ने लालीजोतमा पुलिससँग मिलेर नक्सलबारीको विभिन्न स्थानमा भण्डारण गरी राख्ने गोदाममा संयुक्त रूपमा छापा मारेर उक्त मूल्य बराबरको सामान बरामद गरेको हो ।

संयुक्त टोलीले छापा मारेको गोदामबाट सुक्खा सुपारी, हरियो मटर, मरीच, छोगडा र फरेनगुड्सका सामानहरू ठूलो परिमाणमा बरामद गरेको थियो । साथै टोलीले तस्करी गतिविधिमा संलग्न ६ जनालाई पक्राउ समेत गरेको छ । बरामद गरिएको सामानको मूल्य भारतीय ८० लाख रुपैयाँ रहेको एसएसबीका असिस्टेन्ट कमान्डेन्ट रवि तेजाले जानकारी दिए । उनका अनुसार बरामद गरिएको सामानहरू नेपालबाट भित्र्याएर भारतमा ल्याएर भण्डारण गरेको हो । बरामद गरिएको सामान आवश्यक कारबाहीका लागि पानीट्यांकी भन्सार बुझाइसकेको जनाइएको छ ।

**के भन्छन् प्रहरी प्रमुख ?**

सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ गण झापाका सशस्त्र प्रहरी उपरीक्षक रेशमकुमार थक्सूले मेचीनगरका विभिन्न नाकाबाट तस्करी भइरहेको विषयमा सूचना आएको स्वीकार गरेका छन् ।

'सूचना पाए लगत्तै टोली खटाएका छौं'- प्रहरी उपरीक्षक थक्सूले भने- 'खटाएको टोलीले सामान पनि बरामद गर्दैछ, तर तस्करी गतिविधि नरोकिएकोमा म आफैं छक्क परेको छु ।' गणभित्रैबाट सूचना चुहावट भइरहेको बताउँदै उनले यसतर्फ गम्भीर भएर लाग्ने बताए । तस्करी गतिविधिमा संलग्न भएको सशस्त्र प्रहरीलाई तत्काल कारबाही गरिने उनले दावी गरे ।

यसैबीच प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्ण कोइरालाले तस्करीसँग साँठगाँठ गर्ने प्रहरीलाई तत्काल विभागीय कारबाही गरिने बताएका छन् । 'मेचीनगरका नाकाहरूबाट भइरहेको तस्करीका विषयमा आफूलाई समेत जानकारी आउन थालेको बताउँदै प्रहरी उपरीक्षक कोइरालाले भने- 'जिल्लाबाटै प्रहरी परिचालन गरेर त्यस क्षेत्रमा खटाएका छौं, तस्करी रोक्न इलाका प्रहरी कार्यालय काँकरभिट्टासँग पनि समन्वय गरिरहेका छौं ।' भर्खरै सरुवा भएर जिल्लामा आएको बताउँदै उनले भने- 'म आएदेखि प्रहरीले दिनहुँ गाईगोरुसहित सरसामान बरामद गर्दैछ, मेचीनगर नाका मात्र नभई जिल्लामै तस्करी रोक्न प्रहरी टोली खटाउने छु ।' इलाका प्रहरी कार्यालय काँकरभिट्टामा भर्खरै सरुवा भएर प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेल आएकाले यस विषयमा कुराकानी भइरहेको उनले बताए ।

## एमसीसी ...

यथार्थपरक ढङ्गबाट एमसीसी प्रस्तावबारे आवश्यक निकास निकाल्ने छ- प्रवक्ता श्रेष्ठले भने- अब लामो समयसम्म एमसीसी प्रस्तावलाई के गर्ने भनेर बस्ने अवस्था रहँदैन, पार्टीको सचिवालय बैठकलाई निर्णय गर्ने निर्देशन भएको छ, अब बस्ने बैठकले यसबारे निष्कर्षमा पुर्‍याउँछ ।

सभामुख चयनबारे देखिएको अन्यौलले छिट्टै निकास पाउने पनि उनले दावी गरे । उनले वर्तमान सरकारले मुलुकमा हुँदै आएका र भएका बेथिति तथा गलत कार्यको छानबिन गरी बास्तविकता बाहिर ल्याउने कार्य गरेको बताए । राष्ट्रियसभा निर्वाचन प्रचारप्रसारका क्रममा नेता श्रेष्ठसहित उम्मेदवार भगवती न्यौपाने समेत म्याग्दी आएका थिए ।


## जग्गा विक्रीमा

शनिश्चरे रोड दासपुल रोड नं. ८ देखि दक्षिणतिर उत्तर दक्षिण मुख भएको अत्यन्तै सुविधायुक्त ८ धुर जग्गा चलन-चल्ती अनुसारको मूल्य विशेष कारणले विक्री गर्नुपर्ने भएकोले बिना दलाल सिधा सम्पर्क गर्नुहोला ।

मो. ९८२८८८९०५०, ९८०७९९४८८०



## सव-डिलरको आवश्यकता

विगत १५ बर्षदेखि नेपालमा सर्वाधिक विक्री हुने सोनालिका टेक्टर विक्री वितरण गर्नको लागि निम्न स्थानहरुमा सव डिलर आवश्यक परेको हुँदा इच्छुक फम वा व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

स्थानः फिदिम पाँचथर, ताप्लेजुङ बजार

सम्पर्कः **आध्यश्री इन्टरनेशनल**

प्रधान कार्यालय, बिर्तामोड, झापा (०२३-५४२०२१, ९८०१४०९०८१)

Email: adhyashree99@gmail.com

## कर्मचारी आवश्यकता

यस पूर्वाञ्चल दैनिकका लागि पत्रिका वितरण गर्ने १ जना कर्मचारी आवश्यकता परेकोले आफ्नै साइकल भएको स्थानीयले शीध्र सम्पर्क गर्नुहोला ।

तलबः आपसी समझदारीमा

समयः विहान ६ बजेदेखि ७:३० बजेसम्म

सम्पर्कः ०२३-५४००४४(अफिस)/ ९८०७९१०२२२ (गोपाल अधिकारी)

## कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट चारपाने हुँदै शनिश्चरे, मदनपुर, सिस्ने, खुदुनावारी, जुकेखाडीसम्म पत्रिका वितरण गर्ने मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः ११,००० (बोनसले गाडी मेन्टेन गर्न पुग्ने) समयः ९:३० सम्म लाग्ने

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

## कर्मचारी आवश्यकता

मिति २०७६।१० ।०४

कर्णाली वचत तथा ऋण सहकारी संस्था लि. विर्तामोड-४, झापाको मिति २०७६।०९।२६ गते बसेको सञ्चालक समितिको वैठकको निर्णयबाट गठित कर्मचारी पदपूर्ति उपसमितिको मिति २०७६।१०।०३ को निर्णय बमोजिम तपशिल अनुसारका कर्मचारी आवश्यक भएकोले इच्छुक नेपाली नागरिकहरुबाट आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

**विज्ञापन नं. १/२०७६/०७७**
पद : **सहायक अधिकृत चतुर्थ**
**तह** : पहिलो
**सेवा** : करार
**संख्याः** १ जना
**उमेरः** २५ पूरा भई ३५ बर्ष ननाघेको
**शैक्षिक योग्यता** : BCA /BSc. IT वा सो सरहको आईटीमा स्नातक तह उत्तीर्ण
**अतिरिक्त योग्यता** : CCNA-Certified
**प्राथमिकताः** नेटवक तथा बैकिङ सफ्टवेयर सम्वन्धी ज्ञान भएको साथै काम गरेको अनुभव
**परीक्षा दस्तुरः** रु. ५००।-मात्र
**परीक्षाको किसिमः** लिखित, मौखिक र प्रयोगात्मक
**मासिक सुबिधाः** आपसी समझदारीमा तय गरिने
**कार्यक्षेत्रः** केन्द्रीय कार्यालय विर्तामोड,झापा
**दरखास्त दिने अन्तिम मितिः** २०७६ साल माघ १९ गते कार्यालय समयभित्र

**विज्ञापन नं. ३/२०७६/०७७**
पदः **फिल्ड सहायक**
**तहः** सहायक तृतीय (पहिलो)
**सेवाः** करार **संख्याः** ८ जना
**उमेरः** २१ पूरा भई ३५ ननाघेको
**शैक्षिक योग्यताः** एसलसी/एस.ई.ई
**वाञ्छनीय योग्यताः** कम्प्युटर सम्वन्धी ज्ञान भएको
**अनुभवः** कुनै पनि वित्तीय क्षेत्रमा काम गरेको अनुभव
**परीक्षा दस्तुरः** रु. ३००।- मात्र
**परीक्षाको किसिमः** लिखित, मैखिक र प्रयोगात्मक
**मासिक तलबः** रु. १९,०००।-
**कार्यक्षेत्रः** शनिश्चरे, गरामनी, धुलाबारी, बनियानी, मंगलवारे, झिलझिले, लखनपुर र गौरादह
**दरखास्त दिने अन्तिम मितिः** २०७६ साल माघ १९ गते कार्यालय समयभित्र
**नोटः कमिशन बेसमा काम गर्न इच्छुकहरुले सेवाकेन्द्र तथा केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहोला ।**

**विज्ञापन नं. २/२०७६/०७७**
पद : **लेखापाल**
**तह** : सहायक द्वितीय (चौथो)
**सेवा** : करार **संख्याः** १ जना
**उमेर** : १८ पूरा भई ३५ बर्ष ननाघेको
**शैक्षिक योग्यता** : प्रविणता प्रमाण पत्र तह +२ वा सो सरह
**वाञ्छनीय योग्यता** : कम्प्युटर र कर सम्वन्धी राम्रो ज्ञान भएको साथै काम गरेको अनुभव
**परीक्षा दस्तुर** : रु. ५००।- मात्र
**परीक्षाको किसिम** : लिखित, मौखिक र प्रयोगात्मक
**मासिक सुबिधा** : रु. २२,०००।-
**कार्यक्षेत्र** : केन्द्रीय कार्यालय
**दरखास्त दिने अन्तिम मितिः** २०७६ साल माघ १२ गते कार्यालय समयभित्र
**परीक्षा मितिः** २०७६।१०।१३ गते सोमवार विहान १०:०० बजे

**विज्ञापन नं. ४/२०७६/०७७**
पद : **रिसेप्सनिष्ट**
**सेवा** : करार
**संख्या** : ७ जना
**उमेर** : १८ वर्ष पूरा भई ३५ ननाघेको
**शैक्षिक योग्यताः** प्रविणता प्रमाण पत्र तह, +२ वा सो सरह
**परीक्षा दस्तुरः** रु. २००।- मात्र
**वाञ्छनीय योग्यताः** कम्प्युटरमा basic course पूरा गरेको
**आधार तलब** : रु. १६,०००।-
**कार्यक्षेत्रः** खुदुनावारी, इँटाभट्टा, पथरिया, गोलधाप, शनिश्चरे, दमक र गौरादह
**परीक्षाको किसिमः** प्रयोगात्मक र मौखिक
**दरखास्त दिने अन्तिम मिति** : २०७६ माघ १२ गते कार्यालय समयभित्र
**परीक्षा मितिः** २०७६।१०।१३ गते सोमवार विहान १०:०० बजे

**नोटः दरखास्त फारम संस्थाको सम्पूर्ण सेवाकेन्द्र कार्यालय र केन्द्रीय कार्यालय र केन्द्रीय कार्यालयबाट उपलब्ध हुनेछ ।**

पदपूर्ति उपसमिति
**कर्णाली वचत तथा ऋण सहकारी संस्था लि.**
कार्यालय सम्पर्कः ०२३-५४१५२७/ ५४४३८१

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

EXPERT EDUCATION & VISA SERVICES

के तपाई उच्च शिक्षाका लागि **अष्ट्रेलिया** जाने सोचमा हुनुहुन्छ ?

## अष्ट्रेलियन एजुकेशन सेमिनार

FREE ENTRY

२०७६ माघ ५ गते, आइतबार
स्थानः एक्सपर्ट अफिस प्राङगण
समयः बिहान ११:३० बजे - बेलुका ४ बजे सम्म

आउनुहोस् अष्ट्रेलियाका बिभिन्न शैक्षिक संस्थाका प्रतिनिधिहरुसँग प्रत्यक्ष परामर्श लिई आफ्नो शैक्षिक करियर उत्कृष्ट बनाउनुहोस् ।

Participating Institutions: Study Group | ECA Education Centre of Australia CRICOS: 02644C | HOLMES INSTITUTE CRICOS: 02727M | Australian Institute of Higher Education CRICOS: 03147A

Expert Education & Visa Services 023 546025 / 546026
Level 2, Quality Computer Building, Bhadrapur Road, Birtamod, Jhapa
E: birtamod@experteducation.com.au • www.experteducation.com.au


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# दुर्घटना न्यूनीकरणका लागि 'टाइम कार्ड'

**ट्राफिक प्रहरी कार्यालय झापाले दुर्घटना न्यूनीकरणका लागि नयाँ कार्यक्रम ल्याउने भएको छ । तीव्रगतिका कारण दुर्घटना बढेको भन्दै झापा ट्राफिकले 'टाइम कार्ड' प्रणाली लागू गर्न लागेको हो । सवारी दुर्घटनाका अनेक कारणहरु मध्ये अनियन्त्रित गति एक हो । ट्राफिक नियमको उल्लघंन गरेको कारण सवारी दुर्घटनाको दर प्रत्येक वर्ष बढिरहेको सन्दर्भमा लागू गर्न लागिएको टाइम कार्ड अभियानले प्रभावकारिता देखाए त्यसको न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।**

**सवारी दुर्घटनामा अहिलेसम्म मादक पदार्थ सेवन गरी सवारी चलाउनेदेखि अनुमतिपत्र नभएका, सडकको दुरावस्था, सडक उपयोगको ज्ञानको कमी जस्ता कारणलाई जिम्मेवार ठानिएको थियो । यो सँगै सवारीहरुको 'ओभरटेक' गर्ने क्रम, तीव्रगतिमा चलाउने प्रतिष्पर्धा जस्ता कारणले पनि दुर्घटना न्यूनीकरण गर्न असम्भव जस्तै भएको थियो ।**

**यिनै कारणलाई मध्यनजर गर्दै ट्राफिक प्रहरीले चेकजाँचलाई तीव्रता र कडाइ गरेसँगै अनुमतिपत्र नलिई वा मादकपदार्थ सेवन गरी सवारी चलाउने दरमा कमी आएको थियो । यति हुँदाहुँदै पनि प्रत्येक वर्ष बढ्दो सवारी चापका कारण र चालकहरुले होशियारी नअपनाउँदा दुर्घटना न्यूनीकरण भएको थिएन । पछिल्लो समय सवारी गति नियन्त्रण गर्न ट्राफिक प्रहरीले न्याडर गनको प्रयोग गऱ्यो । त्यसलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न नसक्दा झापा ट्राफिकले टाइम कार्डको विधि लागू गर्न लागेको हो ।**

**आजदेखि लागू हुने टाइम कार्ड विधि अनुसार पूर्वी सीमा काँकरभिट्टादेखि पश्चिम सीमा तारबारीसम्म पुग्न लाग्ने उचित समय निर्धारण गरिनेछ । त्यही समयसीमाभित्र 'उता'बाट छुटेको 'यता' र 'यता' बाट 'उता' पुग्नु पर्नेछ । त्यसअघि पुगेका सवारी सजायको भागी बन्नेछन् । त्यसले यात्रुको लोभमा तीव्रगतिमा चलाउने चालक वा चलाउन लगाउने सवारी धनीलाई समयको नियन्त्रणमा राख्न सकिने छ ।**

**यसअघिका उपायले मात्र दुर्घटना न्यूनीकरण नभएको भन्दै प्रहरीले शुरु गरेको यो अभियानले अमूल्य जीवनको रक्षा गर्न र आर्थिक क्षति वा अङ्गभङ्गको पीडाबाट बचाउन सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । अहिले पनि दैनिक औसत सात जनाले सवारी दुर्घटनाकै कारण जीवन गुमाउनु परिरहेको सन्दर्भमा ट्राफिक प्रहरीले शुरु गरेको यो अभियान दुर्घटना न्यूनीकरण गर्न सहयोग हुन सक्यो भने सबैको हितमा हुनेछ । अभियानको उच्च सफलता र कार्यान्वयनको दृढताको शुभकामना ।**

# 'न्यून शुल्क-नि:शुल्क' अभियान समृद्ध समाजका आदर्श बनून्



पूर्णबहादुर कटुवाल

यस वर्षको हिउँदमा प्रदेश नं.१ का मोरङ, झापा र सुनसरी जिल्ला निकै चर्चित वनेका छन् । लाग्छ, यी तीनवटा जिल्लाका भोका पेट र नाङ्गा आङले यो वर्ष हिउँदमा न त त्यति भोक नै महशुस गरे न त जाडो नै । विद्यालयका बालबालिकालाई न्यानो कपडा र खाजा निःशुल्क वितरण गर्ने दाताहरुले विभिन्न सञ्चारमाध्यममा राम्रै ठाउँ पाए । त्यति मात्र होइन निःशुल्क र नाम मात्रको शुल्कमा मोरङको विराटनगरदेखि झापाको दमक, बिर्तामाड भद्रपुर र सुनसरीको इनरुवासम्मका हजारौं भोका पेटले राहत पाएका खबर छन् । यी ठाउँका हजारौं मानिसले कतै मात्र पाँच रुपैयाँमा, कतै दश रुपैयाँमै र कतै निःशुल्क नै दालभात र मासुभात खाएका छन् । दाताहरु धन्यवादका पात्र बनेका छन्, जसले गरीब परिवारका बालबालिकालाई न्यानो कपडा र खाजा निःशुल्क वितरण गरे, जसले खान नपाउनेहरुलाई चोक, गल्ली र सडकमै खानाको स्टल राखी पेटभार खाना खुवाए ।

मानवीय एवम् सामाजिक सेवा र दानदातव्यका कुरा नयाँ होइनन् । हरेक कालखण्डमा कुनै न कुनै रुपमा यस्ता सराहनीय सामाजिक सेवा वा दान दातव्यका कुरा देख्दै, सुन्दै र भोग्दै आएका घटना हुन् । तर, यसपटक पूर्वी तराइका जिल्लामा चलेको लहर अलि भिन्नै प्रकतिको देखियो । अत्यन्त न्यून शुल्क वा निःशुल्क सयौं मानिसलाई पेटभरि खाना खाएको र खुवाएको खबर छ्याप्छ्याप्ती फैलिँदैछन् । धेरै सामाजिक युवाको सक्रियता देखिएको छ, यस्तो अभियानमा । सामान्यतयः एक कप चियाको मूल्य नै बीस रुपैयाँ परिरहेको बेलाम पाँच, दश रुपैयाँमा वा निःशुल्क दालभात वा मासुभात खुवाउने कुरा चानचुने होइन । त्यसमा पनि दैनिक हजारौं मानिसलाई यस्तो खाना खुवाइएको खबर छ ।

विद्यालयका विद्यार्थीलाई विशेष अवसरमा कसैको जन्मदिन, कसैको पितृ स्मरण वा अन्य कुनै खुशियालीमा वर्षमा कुनै निश्चित दिन वा तिथिमा पुरस्कृत गर्नु सामान्य चलन नै भएको छ । उपहार वा पुरस्कार दाताले इच्याएको व्यक्ति वा संस्थालाई वितरण गर्ने गर्छन् । यसलाई खासै ठूलो चर्चाको विषय बनाइँदैन । तर, यस्तो महँगीको जमानामा सडकमै बसेर सयौं, हजारौंलाई पेटभरि खाना खुवाउने अभियान चर्चित बन्नु स्वभाविकै हो । एकपछि अर्को गर्दै न्यून शुल्क वा निःशुल्कका नाममा खाना खुवाउने अभियान जति चर्चित बन्दैछ । त्यति नै यसका सामाजिक प्रभावका बारेमा समेत विभिन्न प्रश्न उब्जिएका छन् । मानिसले एक छाक खाएपछि एक सिजन वा दुई, चार वा छ महिना नै अघाउँदैन । कम्तीमा पनि दिनमा एकपटक त मानिसले अघाउनैपर्छ । बिहान खाएको खानाले बेलुकी वा भोलिपल्टको छाक त टर्दैन । एक वा दुई छाक वा एक महिनाको खानाले अर्को महिना वा अर्को हप्ता त टर्दैन । आज खाएको मानिसलाई कति दिनसम्म खुवाउने ? के निश्चित दिन र तिथिमा खुवाएपछि अर्को पटक त्यो मानिस आफ्नै पौरखले खाना खान सक्ने बनाउने योजना यो अभियानका अभियन्तासँग कुनै ठोस योजना छ ? होइन एक वा दुई महिना मात्र खाना खुवाउने हो र त्यसपछि ती भोको पेटको खाना व्यवस्थापन गर्ने आयोजकसँग कुनै कार्यक्रम छैन भने

**एकपछि अर्को गर्दै न्यून शुल्क वा नि:शुल्कका नाममा खाना खुवाउने अभियान जति चर्चित बन्दैछ। त्यति नै यसका सामाजिक प्रभावका बारेमा समेत विभिन्न प्रश्न उब्जिएका छन्। मानिसले एक छाक खाएपछि एक सिजन वा दुई, चार वा छ महिना नै अघाउँदैन। कम्तीमा पनि दिनमा एकपटक त मानिसले अघाउनैपर्छ। बिहान खाएको खानाले बेलुकी वा भोलिपल्टको छाक त टर्दैन।**

हचुवाका भरमा के को चर्चा वा उद्देश्यका लागि मात्र यो अभियान चलाइयो ? दुइ चार महिनासम्म सडकमा हिँड्ने जो कोहीले खाना खाँदा ठूलो धनराशी खर्च हुन्छ ? यतिको ठूलो खर्च गर्नुको कारण केहो छोटो समयको लागि मात्र जहाँ भावी दिनमा कुनै योजना र कार्यक्रम नै छैन अभियानलाई निरन्तरता दिने । सामाजिक सेवाकै नाममा यति ठूलो धनराशी खर्च गरिने स्रोत के हो ? मन्दिरमा दान गरेको घण्टी त्यही झुण्ड्याइन्छ । सामुदायिक भवन, पुल, सडक विद्यालय भवन पाटीपौवा वा कुनै भौतिक संरचना निर्माण गर्न गरिएको दान शिलापत्र वा कुनै अभिलेखमा अभिलेखिकरण वा अंकन हुन्छ । तर, जसको जुन स्रोतबाट आएको भए पनि यो खर्चको अभिलेखीकरण कहाँ कसरी हुन्छ ? यसकमा पनि आयकरका कुरा होलान्, सहयोग गर्ने दाता र स्रोतहरु होलान् । यी धेरै कुराहरु अनुत्तरित छन् । जसले आर्थिक विकृति र भ्रष्टाचार मौलाउँदैन भन्न सकिँदैन । निःशुल्कताका नामबाट कुनै अभियान चलाइरहँदा अर्को पाटोमा भ्रष्टाचार भयो वा कसैसँग जबरजस्ती चन्दा असुली गरियो भने पनि त्यो सामाजिक विकृतिका रुपमा अघि बढ्न सक्छ । त्यसतर्फ पनि सम्बन्धित पक्ष सचेत हुन जरुरी छ ।

फेरि अर्कोतिर निःशुल्क वस्तु वा सेवा प्राप्त गर्ने पक्ष पनि प्रष्ट देखिँदैन । सडकमा तयार गरिएको निःशुल्क खानाको स्टलमा खानै नपाउने मान्छे मात्र समावेश छैन । किनकि समावेशिताको पक्ष सबल देखिए पनि निजी सवारीसाधन पार्किङ गरेर वा घरबाट काममा बाहिर निस्कने जो कोही पनि निःशुल्क खानामा समावेश भएको चर्चा पनि उत्तिकै छन् । आयोजकको लक्ष्य, त्यो होइन भने अभियानको लक्ष्य सार्थक भयो ? अहिले लोकतान्त्रिक पद्धतिमा अघि बढिरहेको भनिएको हाम्रो समाजका हरेक गविविधि स्थानीय सरकारको निगरानीमा रहनु वाञ्छनीय हुन्छ । निःशुल्क होस् वा सशुल्क सामाजिक सेवा दिन होस् वा व्यापारिक प्रयोजनको लागि होस् स्थानीय सरकारले सम्बन्धित प्रतिनिधिमूलक संस्थाबाट इजाजत लिन पनि उत्तिकै जरुरी हुनसक्छ । आयोजनका स्थलका सबैपक्ष सकारात्मक मात्र हुन्छन् भन्न सकिँदैन । त्यहाँ त शान्ति सुरक्षा, स्वास्थ्य र सामाजिक प्रभावसँग जोडिएका पनि धेरै कुराहरु छन् । चोकबजारमा टापिक व्यवस्थापन, भीडभाडमा चोरीचकारी, झगडा, फोहोरमैला, धुँवाधुलो, प्रदुषणका कारण अस्वस्थकर खाना लगायतका थुप्रै सवाल रहेका हुन्छन् । यी सबै पक्षको जिम्मेवारी को हुने ? यी विषयहरु सोच्न जरुरी छ ।

सामाजिक सचेतना, सामाजिक समृद्धिलाई सहयोग पुर्‍याउन यी र यस्ताखालका अभियान स्वागतयोग्य छन् । तर, यसकै कारणबाट समाजमा भित्रिनसक्ने बेथिति भने सिर्जना हुनुहुँदैन । भलै अहिले आयोजना भइरहेको यी अभियान निःस्वार्थ होलान् । तर, भावी दिनमा कुनै लोकप्रियताका लागि अस्वस्थ प्रतिष्पर्धामा बिना योजना यस्तै प्रकृतिका अभियान अरु पनि जन्मिए भने त्यसले सामाजिक विकृति जन्माउन सक्छ । व्यक्तिगत सम्पत्ति खर्च गर्नु स्वयम् व्यक्तिकै अधिकार हो । र, रामयुग नै आयो वा धर्तीमा कुँवेरहरु कै पुनर्जन्म भयो भन्ने भ्रम चाहिँ समाजमा फैलनु स्वभाविक हुँदैन । ठीक छ, समाजको समृद्धितर्फ साँच्चै हामी लागेका हौं, र समाज सुधार्न खोज्दैछौं भने समाजले चाहेको पनि त्यही हो । त्यसका लागि पारदर्शिता भएर, लक्षित वर्ग र समुदाय लाभान्वित हुने र भोलि त्यसले निश्चित बाटो अवलम्वन गर्ने गरी लागौं । त्यो सर्वस्वीकार्य र पवित्र कार्य हुन्छ । तर, हामी निःशुल्क खाना खुवाउँदैछौं, हामीलाई यति सहयोग गर्नुपर्छ भनेर त्यही समाजमा अपारदर्शी ढंगबाट पस्यौं भने वा निःशुल्कका नाममा चन्दा असुली, जबरजस्ती गर्दै आर्थिक अनियमितताको चंगुलमा हाम्रो अभियान फस्यो भने त्यसले अर्को नकारात्मक प्रभाव पार्न सक्छ । त्यसबारे पनि सजग हुन जरुरी छ ।

हाम्रा अभियान असफल नबनुन्, यसमा सजग होऔं । अभियान विज्ञापन र कुनै स्वार्थबाट प्रेरित छैन भने यो पारदर्शी हुनुपर्छ । स्थायित्व पाउनुपर्छ अनि वैधानिकताका साथै सर्व स्वकीकार्य रुपमा सामाजिक वैधता पाउनुपर्छ । जसले समाज रुपान्तरणमा मद्दत पुर्‍याओस् । नाङ्गाले कपडा पाउनु न्यायसंगत हो, मानवीयता हो तर वास्तविक नाङ्गोको पहिचान हुनुपर्छ । आजको नाङ्गो जीवनभर नाङ्गो होइन, भोलि उसले पनि आङ्भरि लुगा लगाउने र पेटभरि खान सक्ने गरी सक्षम बन्न यो अभियानले सिकाउनुपर्छ । कसैले जाडोमा सित्तैमा दाउरा वितरण गर्‍यो भने त्यो दाउरा कसले पाउने ? साच्चैको गरिबीले पाउने हो नी । तर, त्यो दाउरा पालैपालो कामदार पठाएर कुनै रक्सी भट्टीमा पुग्यो भने कुनै अर्थ रहन्छ ? भोको पेटले निःशुल्क खान पाउनु राम्रो हो । तर, जीवनभर अर्काको भरपर्ने होइन भोलि आफू पनि सक्षम भएर आफैं-आफैं एकछाक खान सक्ने बनाउनु पनि हो नी । तर, कार पार्किङ गरेर निःशुल्क खाना खान कोही आउँछ भने आयोजकको अभियान सफल हुन्छ ? तसर्थ, आयोजक वैद्य, पारदर्शी, स्थानीय संघ-संस्थाको सहकार्यमा दीर्घकालीन नीति बनाएर अभियानमा जुट्नु सर्वस्वीकार्य र स्वागतयोग्य कार्य हुन्छ । अभियानले निरन्तरता पाउन, पारदर्शी हुन, लक्षित वर्गसम्म पुगुन्, त्यो वर्ग कुनै दिन सक्षम बन्न अभियानले सहयोग पुर्‍याओस् । आर्थिक विकृति, अनियमितता, भ्रष्टाचार र व्यक्तिगत स्वार्थ सिद्ध गर्ने बहाना मात्र नहोस् । कानूनी दायरामा बसेर समाजसेवा गर्ने हरेक नागरिक देशको महान् साधन हुन् । हाम्रा अभियान पनि समृद्ध समाज निर्माणका सेतु बन्न सकुन् हार्दिक शुभकामना ।

# बाबु-आमा : बोझ कि वरदान ?

नारायणप्रसाद पौडेल

छोरा जन्माएर, हुर्काएर, बढाएर, पढाएर योग्य बनाइदियो बुहारीले लैजान्छन् । छोरी जन्माएर, हुर्काएर, बढाएर, पढाएर योग्य बनाएपछि बाजा बजाएर अन्माएर पठाउन पर्छ, ज्वाइँले लैजान्छन् । त्यसपछि बुढाबुढी टुक्रुक्क एक्लै हुनपर्छ । छोरा-बुहारी र छोरी-ज्वाइँ, नाती-नातिना पनि उही छुट्टी मिलाएर द्वितीयाका जुन (इदका चाँद) जस्तै टुप्लुक्क आउने हुन् कहिलेकाँहीँ । बुढो घर रुँगेर बस्दा बुढा-बुढीका हात-पाखुरा चलुञ्जेल, खल्ती खाली नहुञ्जेल र आफै केही गरेर बाँच्न सकुञ्जेलसम्म त ठीकै छ । ओज र पोज पनि रहन्छ । नसक्ने भएपछि त सबैका लागि बोझ बनिँदोरहेछ । प्रशस्तै सम्पत्ति भएका, सामाजिक प्रतिष्ठा पनि आर्जन गरिसकेका चर्चित एक वृद्ध दम्पत्तिको गुनासो हो यो ।

पेन्सनपट्टा नभए पालिन गाह्रो रहेछ बाबु, पाल्दा रहेनछन् आजकालका छोरा-बुहारीले पनि । धन्न त्यतिले पालिएकी छु । पेन्सन आउने नभए केको पाल्थे ? पाल्दैनथे । आफूले जोडेका जायजेथा पनि काम लाग्ने रहेनछ बुढेसकालमा । अलि राम्रो घरबारी र जग्गाजमिन जति अंशवण्डा गरेर लगे । बुढ्यौलीमा अलिकति घडेरी दिएका छन्, त्यतिले पालिन नसकिने, त्यत्तिकै फाल्न पनि नसकिने, कति आपत् परेको हो हँ ? ८४ पूजा गरिसकेकी अर्की वृद्धाको गुनासो हो यो पनि । जसका दुई छोरा र पाँच छोरीका परिवार सबै सक्षम छन् । पतिको देहावसानपछि पाउने निवृत्तिभरणको सहाराले बाँचेकी छन् । यस्ता गुनासा सुनी साध्य छैन । सबैका पीडा उस्तै छन् । सम्पत्ति भएका दम्पत्ती र पेन्सनपट्टा रहेका परिवारमा पैतृक सम्पत्ति चाहिने र लिने, बाबु-आमालाई चाहिँ बोझ सम्झने चलन चल्यो विछट्टै ।

धन सम्पत्ति नभएका विपन्नको पीडा त झन् कही साध्य र सही साध्य हुँदैन । विधवा वा विदुर हुन परेर एकल भएपछि त झन् मानसिक यातना सहेर बस्ने हो दिनदिनै, चौपट्टै । दुई छाक रुखो-सुखो खान दिँदा पनि वचन लगाउँछन्, बेसाहारा अशक्तलाई सडकबाट टिपेर ल्याएर पाले जस्तो गर्छन् । २४सैं घण्टा आँखा तर्छन् । पेन्सन नभएका बाबुआमा पाल्न नचाहनेको भीड बढ्यो । मुखले नभने पनि मनले चाहिँ छिट्टै मरे हुन्थ्यो भन्ने, सोही अनुसारको व्यवहार गर्ने, यस्तो सहेर कसरी हो बुढ्यौली गुजार्ने ? सहन नसकेर तुरुन्तै मर्न र सहेर बाँच्न पनि नसक्ने अवस्था छ धेरैको । बाहिर कतै गएर मनको बह कहेर पोख्न पनि सक्दैनन्, पटक्कै । एककान, दुईकान मैदान भएर थाहा पाउँदा बित्तिकै आपत् आइलाग्छ भनेर । भत्केको मन, कमजोर तन लिएर बाँच्न विवस छन् यो देशका ज्येष्ठ एवम् अनुभव, ज्ञान र सीपले श्रेष्ठ नागरिक ।



सन्तानलाई सबल र सक्षम बनाउन जिउज्यान घोटेर थला परेको र खिइएको हो, जीर्ण भएको अघिल्लो पुस्ताको सोही ज्यानलाई वरदान सम्झेर सम्मान गर्नु त कता हो कता, उल्टै अपमान गर्नेको लर्को रहेछ जताततै । साह्रै असल, कुशल र योग्य बनाइसकेपछि यतै बसेर सघाउलान्, बूढेसकालमा सेवा सुसार पनि गर्लान् भन्ने सोचेर नहुने रहेछ । जति असल र कुशल छन्, योग्य पनि हुन् । तिनीहरूले आफ्नै देशमा बसेर केही गर्नै मान्दैनन् । अमेरिका, युरोप, जापान, कोरियातिरै धाउँछन् । अस्ट्रेलियातिरको लाम पनि लागेको छ । छोरो गएपछि बुहारी र बुहारी गएपछि छोरो तान्ने, नाति नातिना पनि उतै जाने, लाने, गरेपछि यताको घर कुर्ने र धान्ने जिम्मा पर्छ वृद्ध बाबुआमाका थाप्लामा । उता गइसकेपछि सुत्केरी भएमा स्याहार सुसारका लागि आमालाई झिकाउने गरिन्छ । धाई आमा बोलाउने त्यस्तो भिसालाई 'तेल भिसा' भन्ने चलन पनि चलाइएको छ । छ महिनासम्म चल्छ, तेल घस्ने काम । त्यसपछि फेरि उही र उस्तै हो बचनले पुऱ्याएका घोचपेचका नीलडाम । सन्तानले दिएका सकसका त्यस्ता डाम देखाउन नमिल्ने, सुनाउन पनि नसकिने । त्यसैले त भन्छन् धेरैले- चर्चित भारतीय 'बागवान' चलचित्रले आधुनिक पारिवारिक जीवनशैलीको राम्रैसँग उजागर गरेको छ । 'बागबान' हेर्दा धेरैका आँखाबाट आँशु झरेको छ । सँगै बसेर त्यो चलचित्र हेर्दा आँशु झार्ने छोरा-बुहारीबाट पनि अन्त्यमा फेरि उस्तै काम हुने गरेको छ ।

मेरा छोरा अमेरिका र बुहारी जापान छन् । छोरी चीनमा र ज्वाइँ कोरियामा रहन्छन् । नाति फ्रान्समा पढ्दैछ, नातिनीले अस्ट्रेलियामा अध्ययन गर्दैछिन् भनेर घिरौंलाजत्रो नाक बनाएर धाक देखाउने गरेका ज्येष्ठ नागरिकको नतिजा नजाती निस्केको छ । विदेश गएर पढेका, उतै बस्ने जोहो गरेका, आफ्ना छोराछोरीलाई पनि उतै लगेर पढाएका सन्तानले नेपाल आउन मान्नै छाडे । साह्रै कर बल गरेमा दुई-चार दिनका लागि आउने र उनैको स्याहारसुसार गर्दा थला पर्ने गरेको पीडा सुनाउने ज्येष्ठ नागरिकको कमी छैन । जति दिन बोलायो र राख्यो उति दिनसम्म आफ्नै पुर्खा, गाउँ र घर, मातृभूमि, देश, शासन व्यवस्था र अवस्थाको खोइरो खनेर हैरान पार्ने । यताको खान-पान, रहन-सहन, भेष-भूषा, बोली-चाली सबै बिर्से जस्तो गर्ने । आफू पनि उतै जन्मेको र उतैका हावापानीले हुर्के जस्तो ठान्ने । उताको जति सबै राम्रो र यताको सबै नराम्रो मान्ने । कति सुन्ने, सहने हो र कति हो मान्ने ?

युरोप, अस्ट्रेलिया, जापान र अमेरिकामा सुखै-सुख र नेपालमा दुःखै-दुःख मान्ने मन र देख्ने आँखा कसरी बन्छन् कुन्नि ? त्यतातिर गएपछि मानै मान पाइने, सुन, चाँदी र हीरा, मोती खाइने र यतातिर अपमानै अपमान बर्साइने कुरा कति साँचो होला खै ? त्यता जानेबित्तिकै ससुराली पुगे जस्तो त नहोला सधैं । काम गर्नु त पर्दो हो पक्कै पनि । त्यत्तिकै बसेर खान, लगाउन, घुम्न, जम्न र रम्न त कसले पो दिँदो होला र ? दिन्नन् । त्यहाँका सरकारसँग पनि सबैले चिताएको कुरा पुऱ्याउन सक्ने मनचिन्ते जादुको छडी वा मन्त्र नहोला । छुमन्तर गरेर सबैका चाहना पूरा गर्ने यन्त्र पनि नहोला । यताका उच्च तहका कर्मचारी, नेता र प्राविधिकले उता गएपछि तुच्छ काम गरेर बसेको कुरा नसुनेका कोही पनि नहोलान् । आफ्नो देशमा मालिक हुन नचाहेर परदेशमा नोकर बन्न रुचाउनेको फूर्तिफार्ती अलि बढी नै भएको हो कि ? अंश र वंशको बदनाम गरेमा ठूलो भइने सोच पलाएर हो, बुझ्नै गाह्रो हुन थाल्यो ।

वृद्ध बाबुआमालाई भीरमा लगेर फाल्ने डोको फर्काएर ल्याउन भनेछ नातिले । किन चाहियो भनेर बाबुले सोध्दा भोलि फेरि मैले हजुरलाई फाल्नका लागि पनि चाहिएला नि, भनेर दिएको जवाफ बिर्सेजस्तो छ धेरैले । अघिल्लो पुस्तालाई सम्मान गरेमा पछिल्लो पुस्ताबाट पनि पाइन्छ, नत्र पाइन्न, हेला भइन्छ भन्ने कुरा । बाबुआमा भनेका त अनुभव, सीप, ज्ञान र परिपक्वताका भण्डार नै हुन् । र हुन् जीवित देवीदेवता, उनीहरूलाई गरेको आदर र उचित स्याहार सुसारले घरपरिवारको प्रतिष्ठामा आँच आउँदैन, अभिवृद्धि नै हुन्छ । पितृदेवो भवः, मातृदेवो भवः, गुरुदेवो भवः त्यसै भनिएको हैन, छैन । माता, पिता र गुरुको सेवा गर्ने कुरा सामान्य हैन, सेवा गर्न पाउनु पनि सौभाग्यको विषय मानिनुपर्ने हो । तर, पश्चिमी विकृत संस्कृतिको प्रभावले प्राप्त वरदानलाई पनि अभिशाप मान्न थालिएको छ । जो साह्रै दुःखद् छ ।

विकसित मुलुकमा पसेका र उतै बसेकाको देखासिकी खाडी र मुग्लानतिर भासिएका परिवारले पनि गर्न थाल्दा बेवारिसे भएका छन् । वृद्ध-बृद्धाहरू, मन्दिर र देवी देवताहरू । लोग्नेलाई खाडी मुलुक वा मुग्लानतिर पठाएर घर थामेर, सासू-ससुरा पालेर बसेका बुहारीले पनि विदेशी पैसा समाउन थाल्ने बित्तिकै आफ्ना छोराछोरी टिपेर सहर पसेर उतै भाडामा कोठा लिएर बस्न थालेका छन् अचेल । छोराछोरी पढाउन त पऱ्यो नि भन्दै । बूढो घर कुर्ने र डाँडा पारिका घामजस्ता भएका बुढाबुढीलाई हेर्ने कोही छैन । काल पनि आउँदैन भन्छन्, आफन्त कोही भेट्न जाँदा पनि । आफ्ना बाबुआमा, घर, आफ्नो गाउँ, जन्मेको ठाउँ, देश छाडेर परदेश जानेबित्तिकै कुन त्यस्तो बुटी खान्छन् वा सुँघ्छन्, जो यति निकृष्ट र घाती हुन्छन्, निर्मोही बन्छन् ? विकसित मुलुकमा पसेका र बसेकाहरूले त बाबुआमाको दीर्घायुको कामना गर्दैनन, मृत्यु कुर्छन् । सेवा गर्न आउँदैनन्, उतै पनि लादैनन् । दिवङ्गत भइसकेपछि दाहसंस्कारका लागि आएर, बँचेको पैतृक सम्पत्ति बेचेर, डलरमा साटेर लैजान्छन् । त्यस्ता सन्तानप्रति कृतज्ञ हुने कि कृतघ्न भन्ने ? *गोप*

# पूर्ण सरसफाई कार्ययोजना निर्माण गरिँदै

**बिर्तामोड, माघ ४।** बिर्तामोड नगरपालिका वडा नं. ६ लाई पूर्ण सरसफाई कार्ययोजना निर्माणका लागि समिति गठन गरिएको छ ।

वडा सदस्य पर्शुराम खनालको संयोजकत्वमा गठित समितिले वडालाई आगामी तीन वर्षभित्रमा पूर्ण सरसफाई उन्मुख वडा बनाउनका लागि सात दिनभित्रमा गर्नुपर्ने कामको योजना बनाउने जिम्मेवारी दिइएको छ ।

समितिका अन्य सदस्यहरुमा अर्जुन खवास, चनद्र नुगु, आइतमाया शेर्मा, सुवास भट्टराई, हिमा निरौला र इन्द्रबहादुर थेगुवा रहेका छन् । समितिले बनाएको योजनामा टोल समितिका पदाधिकारीसहितको सहभागितामा छलफल गरी त्यसलाई नगरपालिकामा पठाइने संयोजक खनालले जानकारी दिए ।

कार्ययोजना निर्माणअघि पूर्ण सरसफाई कार्ययोजना निर्माण सम्बन्धी एकदिने कार्यशाला सम्पन्न भएको छ । जिएफएस युएन ह्याविटाटको सहयोग विराट सामुदायिक अध्ययन केन्द्रको सहजीकरण तथा बिर्तामोड नगरपालिकाको समन्वयमा आयोजित कार्यशालामा वडाभित्र गठित टोल समितिका अध्यक्ष तथा पदाधिकारीको सहभागिता रहेको थियो ।

कार्यशालामा चर्पीको समुचित प्रयोग र दीगोपना, सुरक्षित पानीको प्रयोग, समुचित खानाको प्रयोग, वातावरणीय सरसफाई लगायतका विषयमा सोम आचार्य, टंक भण्डारी र कृष्णप्रसाद सिटौलाले सहजीकरण गरेका थिए ।

वडा सदस्य पर्शुराम खनालको अध्यक्षता तथा वडा महिला सदस्य पवित्रा ढुङ्गानाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सहजीकरण सोम आचार्य, टंक भण्डारी र कृष्णप्रसाद सिटौलाले गरेका थिए । वडासचिव रुकमान थलङले सञ्चालन गरेको कार्यक्रममा कृष्णमाया चौधरीले स्वागत गरेकी थिइन् ।

एक हजार छ सय ३१ घरधुरी रहेको बिर्तामोड वडा नं. ६ का ५७ घरमा अझै चर्पी छैनन् भने सात सय ४८ घरधुरीमा एक खाल्डे चर्पी र ५० वटा मात्र दुई खाल्डे चर्पी रहेका छन् । सात सय ६३ घरमा सेफ्टीट्याङ्कीसहितको शौचालय रहेको वडा नं. ६ का ८९ घरधुरीले चर्पी निर्माण गरे पनि प्रयोग नगरेको पाइएको एक सर्भेक्षणले देखाएको छ ।

# महाभारतकालीन सभ्यताको प्रतिमाले पर्यटक लोभ्यायो



**बिर्तामोड, माघ ४।** भगवान श्रीकृष्णले अर्जुनलाई रथमा राखेर रथ हाँकेको प्रतिमा शनिश्चरे बजारमा राखिएसँगै अर्जुनधारा नगरपालिकाभित्र आउने पर्यटकका लागि यो प्रतिमा आर्कषकको केन्द्र बनेको छ ।

अर्जुनधारा नगरपालिकाले २५ लाख रुपैयाँ खर्च गर्दै महाभारतकालीन सभ्यता झल्कने चारवटा घोडाको रथ हाँकेको प्रतिमा शनिश्चरे बजारमा राखेसँगै आन्तरिक तथा बाह्य पर्यटकका लागि आर्कषकको केन्द्रविन्दू बनेको हो । यो सँगै जिल्ला कै पुरानो बजार शनिश्चरेलाई पर्यटकीय नगरीका रुपमा बिकास गर्न भौतिक संरचना निर्माणको काम शुरु गरिएको छ । अर्जुनधारा नगरपालिकाको पहलमा शनिश्चरे बजारको चोकमा अहिले आर्कषक पार्क बनाउन शुरु गरिएको अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाले बताए ।

सरकारी स्वामित्वको यो जमिनमा यसअघि निर्माण गरिएका संरचना नगरपालिकाले भत्काएको थियो । खाली भएको जमिनमा धार्मिक तथा ऐतिहासिक सम्पदाको प्रतिमा राख्ने काम शुरु गरिएको नगरप्रमुख राना बताउँछन् । शनिश्चरे बजारलाई आधुनिक पार्क बनाउन नगरपालिकाले योजना बनाएर बजारलाई स्थानान्तरण गरेको थियो । शनिबार लाग्ने हाटलाई वडा नम्बर ८ मा दुई बिगाह जमिन किनेर स्थानान्तरण गरिएको नगरपालिकाका प्रमुख रानाले बताए । मुख्य सडकभन्दा अन्यत्र हाट लाग्न थालेपछि नगरपालिकाले चोकमा पार्क बनाउन शुरु गरेको हो ।

शनिश्चरे बजार नजिकै अर्जुनधारा जलेश्वर धाम रहेको छ । सोही धामको नामबाट नगरपालिकाको नाम पनि अर्जुनधारा रहन गएको बताइन्छ । धाममा बर्षेनि हजारौं धार्मिक पर्यटक दर्शन तथा अवलोकन र अध्ययनका लागि आउने गरेका छन् । नगरपालिकाले अर्जुनधारा धाममा आउने पर्यटकलाई लक्षित गरेर महाभारतकालीन सभ्यता झल्किने मूर्तिसहितको पार्क निर्माण गरेसँगै नगरकै मुहार फेरिएको हो ।

द्वापर युगमा १२ बर्षको वनबासपछि एक बर्षका लागि गुप्तवास बसेका पाण्डवमध्ये अर्जुनले बिराट राजाको गाई चराउँदै सो स्थानमा आएको धार्मिक किंवदन्ती छ । चराउँदै गरेका गाई तिर्खाएपछि अर्जुनले बाँण हानेर पानी निकालेको तथा आफूले चराएका गाईलाई त्यहाँ पानी खुवाएको भन्ने महाभारतकालीन मान्यता अनुसार त्यस स्थानको नाम अर्जुनधारा रहन गएको बताइन्छ ।

ठेकी बजारका रुपमा जिल्लामै ख्याती कमाएको शनिश्चरे बजारले बिस्तारै फड्को मार्दै अहिले पर्यटकीय नगरीका रुपमा विकसित भएको छ । अहिले काठका ठेकी बिस्थापन हुने अवस्थामा छन् । नगरपालिकाले ठेकीको प्रतिमा, केही बर्ष अघिसम्म सामान ढुवानीमा प्रयोग गरिने बयलगाडा (गोरुगाडा),सहितको आकर्षक स्वागतद्वार निर्माण गर्ने योजना अघि सारेको छ ।

यो सँगै अर्जुनधारा नगरपालिकाले आफ्नो नगरलाई पर्यटकीय नगर बनाउन लागेको हो । अर्जुनधारा नगरपालिकाभित्र रहेको अर्जुनधारा मन्दिर बाहेक नगरमा रहेका अन्य पर्यटकीय क्षेत्रमा वर्षेनि हजारौं पर्यटक घुम्न आउने गरेका छन् । जसका कारण पर्यटकीय नगरका रुपमा अर्जुनधारालाई लिन थालिएको छ ।

# बुद्धशान्तिमा निःशुल्क स्वास्थ्य शिविर



**बुधबारे, माघ ४।** पूर्वेली साप्ताहिक र जोइन्ट हेण्ड युथ सोसाइटीको संयुक्त आयोजनामा बुद्धशान्तिमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

बिर्ता आयुर्वेदिक एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडको प्राविधिक सहयोगमा भएको शिविरमा एक सय ६० भन्दा बढीको निःशुल्क स्वास्थ्य जाँच गर्नुका साथै निःशुल्क औषधि वितरण गरिएको थियो । जोइन्ट हेण्ड युथ सोसाइटी बुद्धशान्तिका अध्यक्ष सञ्जील प्रसाईंको संयोजकत्व, पूर्वेली साप्ताहिकका अध्यक्ष चन्द्रप्रकाश कोइरालाको अध्यक्षता तथा बुद्धशान्ति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद चापागाईंको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

शिविरमा बिर्ता आयुर्वेदिक एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडका थेरापिष्ट डा. भगवान शाह, कविराज कमल रिजाल, योगेश श्रेष्ठ र विवेक बाँस्तोलाको टोलीले स्वास्थ्य जाँच गरेको थियो भने स्वास्थ्य चौकी बुधबारेकी सिनियर अनमी गोमा उप्रेती लगायतको टोलीले समेत प्राविधिक सहयोग उपलब्ध गराएको थियो । शिविरमा बिर्ता आयुर्वेदिक एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडले विरामीहरुलाई निःशुल्क औषधि समेत उपलब्ध गराएको सेन्टरकी सञ्चालिका नर्वदा भट्टराईले जानकारी दिइन् ।

कार्यक्रममा बुद्धशान्ति-३ का वडाध्यक्ष कमल उप्रेती, बुद्धशान्ति स्वास्थ्य शाखा प्रमुख भोला अधिकारी, बुद्धशान्ति-२ का वडा सदस्य राजु पराजुली, प्याब्सन बुद्धशान्तिका अध्यक्ष बिष्णु सापकोटा, उपभोक्ता हित संरक्षण मञ्च बुद्धशान्तिका अध्यक्ष धरणीधर पोखरेल, योगमाया पराजुली लगायतले शुभकामना दिएका थिए ।

कार्यक्रमको सञ्चालन पूर्वेली साप्ताहिकका सम्पादक तथा जोइन्ट हेण्ड युथ सोसाइटीका उपाध्यक्ष अनिल वाग्लेले गरेका थिए ।

# सूर्योदय क्वीज शुरु



**बिर्तामोड, माघ ४।** 'सूर्योदय क्वीज सिजन ४' सूर्योदय टेलिभिजनबाट प्रसारण शुरु भएको छ ।

प्रदेश नं. १ कै ठूलो हाजिरी जवाफ प्रतियोगिताको रुपमा रहेको 'सूर्योदय क्वीज' हप्ताको प्रत्येक शुक्रबार र शनिबार बेलुकी ७:३० बजे सूर्योदय टेलिभिजनमा प्रसारण शुरु भएको हो ।

सूर्योदय टेलिभिजनले आयोजना गरेको यस प्रतियोगिताको पहिलो चरणको छायाङ्कन गत पुस १५ गतेदेखि शुरु गरिएको र यस सिजनमा प्रदेश नं. १ का झापा, इलाम, मोरङ्ग, सुनसरी, धनकुटा लगायतका विभिन्न जिल्लाबाट एक सय वटा कलेजले सहभागिता जनाएको कार्यक्रम संयोजक देवी गौतमले जानकारी दिए ।

प्रतियोगिताका विजेताले नगद ५१ हजार रुपैयाँसहित कान्तिपुर सिटी कलेज काठमाडौंबाट चार लाख ५० हजार रुपैयाँ बराबरको छात्रवृत्ति प्राप्त गर्ने जनाइएको छ । 'सूर्योदय क्वीज सिजन ४' लाई ब्रोडलिङ्क नेटवर्कले प्रायोजन गरेको छ ।

# बुधबारेमा दिपीका फर्निचरको शोरुम

**बिर्तामोड, माघ ४।** मेचीनगर- १३ चारआलीमा रहेको दिपीका फर्निचर उद्योगले बुधबारेमा तेस्रो शोरुम स्थापना गरेको छ ।

५० लाख रुपैयाँको लागतमा स्थापना गरिएको फर्निचर शोरुमको उद्योग वाणिज्य संघ बुद्धशान्तिका अध्यक्ष रुद्र बजगाईले उद्घाटन गरे । चारआलीमा सञ्चालनमा आएको फर्निचर उद्योगले एक करोड बराबरको लागतमा उद्योग तथा शोरुम स्थापना गर्न सफल भएको सञ्चालक सविना बजगाईले जानकारी दिइन् ।

इलाम, फिदिम, ताप्लेजुङका ग्राहकलाई लक्षित गर्दै स्थापना भएको शोरुमले गुणस्तरीय फर्निचर उपलब्ध गराउने उनले प्रतिबद्धता जनाइन् । शोरुमका अर्का सञ्चालक खगेन्द्र बजगाईले ग्राहकलाई आफूले गुणस्तरीय उत्पादन बिक्री गर्ने गरेको कारण उनीहरुले बिश्वास गरेको बताए ।

उद्योग वाणिज्य संघ बुधबारेका अध्यक्ष रुद्र चापागाईंले कच्चापदार्थको सहज उपलब्धता र ग्राहकको बिश्वास जित्न सफल भएको हुनाले झापाको बुधबारे क्षेत्रमा फर्निचर उद्योग तथा शोरुम स्थापना हुने क्रम बढेको बताए ।

# कोरोबारीमा निःशुल्क स्वास्थ्य शिविर

**बिर्तामोड, माघ ४।** नेपाल किसान संघ झापाको आयोजना र नोबेल अस्पताल विराटनगरको प्राविधिक सहयोगमा कोरोबारीमा निःशुल्क स्वास्थ्य शिविरको तयारी गरिएको छ ।

कोरोबारीस्थित आदर्श माविमा आगामी माघ ६ गते निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको नेपाल किसान संघ झापाका अध्यक्ष राजेन्द्र भट्टराईले जानकारी दिए । शिविरमा विभिन्न १२ वटा रोगको सेवा दिइने उनले बताए ।



**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित**
**झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Chhapaak
दोस्रो शो २:०० Chhapaak
तेस्रो शो ६:३० Chhapaak

(हल बी) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Tanhaji 3D
दोस्रो शो २:४५ Tanhaji 3D
तेस्रो शो ६:३० Tanhaji 3D



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३–५४६४३६)


**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड–४, झापा
फोन न ०२३–५४१४६६/९८०६०००३१३/९८४२७१६५८८


**वर्गीकृत विज्ञापन**

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७, ९८०६०८३८७६, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३–५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**कर्मचारी आवश्यकता**
Montusori Teacher : 2 जना (महिला)
Manager : 1 जना (अफिसको लागि, बाइक र लाइसेन्स भएको हुनुपर्नेछ ।)
कुक : ४ जना
वेटर : ५ जना
किचन हेल्परः २ जना
रिसेप्सनिष्टः १ जना (इलामको लागि कम्प्युटरमा दक्ष)
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३–५४६६८३
मो.: ९८२५९८७९००

**टाटा सुमो गाडी भाडामा चाहिएमा**
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९, ९८४१३२१४६४

**गिटी बालुवा चाहिएमा**
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु–सम्पर्क गर्नुहोला ।
**सयपत्री**
९८४२६५४४००, ९८०४९५४४००

**छपाई सम्बन्धी सम्पूर्ण काम**
२०X३० को मेसीनबाट पत्रपत्रिका छपाई, पुस्तक छपाई, रजिस्टर, बिल, भौचर लगायतका छपाई सम्बन्धी काम तथा इम्प्रेसनको काम पनि गरिन्छ ।
सम्पर्क
**पोखरेल अफसेट प्रिटिङ्ग प्रेस**
अतिथि सदन रोड शनिमन्दिर छेउ,
९८१४९७४०३२

**जग्गा बिक्रीमा**
अटोल्याण्ड बुट्टाबारीमा ह्राइवेबाट १०० मिटरभित्र प्लानिङ्ग गर्न मिल्ने वा ग्यारेज सञ्चालन गर्न मिल्ने ६ कट्ठा अत्यन्त सस्तो जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२

**आवश्यकता**
सेक्युरिटी गार्डः– ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३–५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**घर बिक्रीमा**
बिर्तामोडस्थित हिरो सोरुम पछाडि साडे आठ धुरमा बनेको २ तले घर बिक्रीमा छ ।
मो. ९८२६९१८६११

**जग्गा बिक्रीमा**
मेची आँखा अस्पताल विर्तामोडको अगाडी २० फुट बाटोमा १० धुर जग्गा बिक्रीमा ।
सम्पर्कः-
९८५१०८१४५०

**फ्ल्याट भाडामा**
शनिश्चरे रोडमा कन्काई विकास बैंक बसेको घरमा रहेको फ्ल्याट भाडामा रहेकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८१८८६५३३१

**जग्गा बिक्रीमा**
बिर्तामोड बस पार्कबाट १½ किलोमिटर २½ मा १ कठ्ठा नर बढी भएको अत्यन्त सस्तो मूल्यमा जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२


**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन | ७५,५००।– |
| तेजावी सुन | ७५,२००।– |
| असल चाँदी | ९०५।– |



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रतिष्ठित काम गर्ने अवसर जुट्नेछ । विशिष्ट व्यक्तिको सहयोग जुटाउन सकिनेछ । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । मेहनतले विशेष स्थान दिलाउन सक्छ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर जुट्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । रुचीका विषयमा लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रसिद्धि पनि बढ्नेछ । अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** काममा ढिलासुस्ती हुन सक्छ । अप्रिय समाचारले मन खिन्न बनाउला । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** काममा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । अरूको करकापमा गरिएको कामले पनि फाइदा उठाउन सकिनेछ । अध्ययनका सन्दर्भमा भ्रमण हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । आफ्ना कमजोरीबाट फाइदा उठाउनेहरू भने सक्रिय रहनेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । फाइदाका पछि लाग्दा साथीभाइ टाढिन सक्छन् । अरुको भावनाको कदर गर्दा राम्रो होला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आजको यात्रा तथा आतिथ्य खर्चिलो बन्नेछ । वचन पूरा गर्न नसक्दा आलोचित समेत भइनेछ । बोलचालमा ध्यान दिनु होला ।

# घैलाडुब्बामा पवनको व्यंग्य चित्र प्रदर्शनी, टीकाको एकल गजल वाचन



**बिर्तामोड, माघ ४।** कला र साहित्यका अब्बल रुपमा स्थापित भएका प्राज्ञ पवन राजवंशीले आफ्ना बुबाको सम्झनामा हरेक वर्ष विभिन्न साहित्यक कार्यक्रमहरुको आयोजना गर्दै आएका छन् ।

कुलदीप राजवंशी स्मृति कला उत्थान प्रतिष्ठानले शनिबार झापाको घैलाडुब्बामा आयोजना गरेको कार्यक्रममा तीन जना स्रष्टालाई सम्मान गरिएको थियो । आफ्ना बुबाको नवौं स्मृति दिवसको अवसर पारेर प्रतिष्ठानका अध्यक्ष पवन राजवंशीले कला र साहित्यलाई अझ विकास गर्ने उद्देश्यले हरेक वर्ष सम्मान गर्ने कार्यक्रम राख्ने गरेको बताए ।

उक्त अवसरमा गीतकार तथा गजलकार टिका भट्टराई नेपाल, गीतकार ज्ञानप्रसाद राजवंशी र चित्रकार प्रियंका शर्मालाई दोसल्ला ओडाएर सम्मान गरिएको थियो । झापामा रहेर कला तथा साहित्यको क्षेत्रमा विभिन्न योगदान पुऱ्याउने स्रष्टाहरुलाई सम्मान गर्ने कार्यक्रम अन्तर्गत उनीहरुलाई सम्मान गरिएको हो ।

कार्यक्रममा गीतकार तथा गजलकार नेपालले एकल गजल बाचन गरेकी थिइन् भने कार्यक्रमका सहभागी साहित्यकारहरुले समेत कविता तथा गजल बाचन गरेका थिए । त्यस्तै व्यंग्य चित्र निर्माणमा निपुर्ण रहेका प्रतिष्ठानका अध्यक्ष राजवंशीले आफूले निर्माण गरेको कार्टुनहरुको चित्र प्रर्दशनी समेत गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथी समेत रहेका कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेलले कुलदीप राजवंशी स्मृति कला प्रतिष्ठानले साहित्य र कलाको संरक्षण गर्न महत्वपूर्ण योग्दान पुऱ्याएको बताए । उनले प्राज्ञ पवन राजवंशीले आफ्नो बुबाको सम्मान स्वरुप कला र साहित्यलाई माया गर्दै हरेक वर्ष आफ्नै घरमा कार्यक्रमको आयोजना गरेर समाजमा उदाहरणीय काम गरेको उल्लेख गरे ।

जलेश्वरी राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा कनकाई नगरपालिकाका प्रमुख पोखरेल, कनकाई-९ का वडाध्यक्ष प्रेमप्रसाद राजवंशी, पूर्व गृहराज्य मन्त्री भीमराज राजवंशी, गीतकार शिवशंकर थापा, साहित्यकारहरु केशव आर्चाय, पुन्यप्रसाद खरेल, देवीचरण भण्डारी लगायतले शुभकामना मन्तब्य राखेका थिए । कार्यक्रमको सञ्चालन साहित्यकार खग्रिन्द्रा खुशीले गरेकी थिइन् ।



# साधुटारको पुराणमा नीलकण्ठको स्वास्थ्य शिविर





**बिर्तामोड, माघ ४।** अर्जुनधारा-१ स्थित शंकराचार्य पीठ वेदवेदाङ्ग संस्कृत पाठशाला साधुटारमा आउने भक्तजन शनिवार औधी खुशी देखिए ।

उनीहरु खुशी हुनुको कारण थियो निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्नु । उनीहरुलाई उक्त सेवा प्रदान गरेको थियो बिर्तामोडमा रहेको नीलकण्ठ डाइग्नोष्टिक क्लिनिकले ।

शंकराचार्य पीठ वेदवेदाङ्ग संस्कृत पाठशाला साधुटारमा गत माघ १ गतेदेखि ४४औं वार्षिकोत्सवको रुपमा सञ्चालन भइरहेको श्रीमद् अग्नि महापुराण कथा प्रवचन, महालक्ष्मीलक्ष्यार्चनात्मक विराट महायज्ञमा कथा श्रवण गर्न आउने भक्तजनहरुलाई बिर्तामोडमा रहेको नीलकण्ठ डाइग्नोष्टिक क्लिनिकले निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरी निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेको हो ।

महायज्ञमा कथाश्रवण गर्न आउने भक्तजनहरुलाई नीलकण्ठ डाइग्नोष्टिक क्लिनिकका वरिष्ठ पेट कलेजो रोग विशेषज्ञ तथा डा. दीपेन्द्रप्रकाश ओली लगायतको टोलीले निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेको थियो ।

शिविरमा सहभागी भक्तजनहरुको ग्याष्ट्रिक, अल्सर, सुगर, प्रेसर, कलेजो, दम, बाथ रोग सम्बन्धी निःशुल्क जाँच गर्नुका साथै औषधि समेत निःशुल्क वितरण गरिएको नीलकण्ठ डाइग्नोष्टिक क्लिनिककी निर्देशक दिक्षालक्ष्मी ओलीले जानकारी दिइन् ।

उनले शिविरमा सहभागि भक्तजनहरुलाई केही समस्या भएर नीलकण्ठ डाइग्नोष्टिक क्लिनिक आए सात दिनसम्म त्यही पूर्जामा निःशुल्क ओपीडी सेवा प्रदान गर्नुका साथै अन्य उपचारमा २० प्रतिशत छुट दिइने बताइन् ।

शंकराचार्यपीठका व्यासाचार्य लक्ष्मीप्रसाद खतिवडाले मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य सम्झेर महायज्ञमा कथाश्रवण गर्न आउने भक्तजनहरुलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेकोमा नीलकण्ठ डाइग्नोष्टिक क्लिनिकलाई धन्यवाद दिएका थिए ।

नीलकण्ठ डाइग्नोष्टिक क्लिनिकका संस्थापक ज्ञानेन्द्रप्रकाश ओली, निर्देशक दिपालक्ष्मी ओली प्रसाईं, ओमभक्त प्रसाईं लगायतले आगामी दिनमा पनि यस्तो कार्यलाई निरन्तरता दिने बताएका थिए ।

गत माघ १ गतेदेखि शुरु भएको श्रीमद् अग्नि महापुराण कथा प्रवचन, महालक्ष्मीलक्ष्यार्चनात्मक विराट महायज्ञ आगामी माघ ११ गतेसम्म सञ्चालन गरिने शंकराचार्यपीठका अध्यक्ष केदारनाथ खतिवडाले जानकारी दिए ।

# ८५१ को स्वास्थ्य परीक्षण



**बिर्तामोड, माघ ४।** झापाको बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा खुदुनाबारीमा एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

अर्जुनधारा नगरपालिका वडा नं. ३ खुदुनाबारीका शेयर सदस्यहरुलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको संस्थाका सचिव सुवास भट्टराईले जानकारी दिए ।

नोबेल मेडिकल कलेज एण्ड रिसर्च सेन्टर बिराटनगरको प्राविधिक सहयोगमा भएको शिविरमा जनरल मेडिसिन सेवा, मुटु रोग, बाल रोग, स्त्री तथा प्रसूती रोग, मानसिक तथा नशा रोग हाडजोर्नी, छाला तथा यौन रोग, नाक-कान-घाँटी, आँखा परीक्षण, दन्त परीक्षण, इसिजी सेवा लगायत प्रदान गरिएको अस्पतालका प्रशासन प्रमुख नारायणप्रसाद दाहालले जानकारी दिए । त्यस्तै शिविरमा भिडियो एक्स-रे, प्याथोलोजी, इसीजी लगायत सेवा न्यून शुल्कमा गराइएको उनले बताए ।

शिविरमा आठ सय ५१ जनाले स्वास्थ्य परीक्षण गराएका थिए भने करिब ६५ हजार रुपैयाँ बराबरको औषधि पनि सिम्रिक सहकारी संस्थाले निःशुल्क वितरण गरेको संस्थाका तालिम विभाग प्रमुख विजय बस्नेतले जानकारी दिए ।

स्वास्थ्य शिविरको उद्घाटन स्थानीय वयोवृद्ध वर्ष ८६ का खगेश्वर खतिवडाको स्वास्थ्य परीक्षण गरेर गरिएको थियो । संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतको अध्यक्षता तथा अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सञ्चालन संस्थाका सचिव सुवास भट्टराईले गरेका थिए ।

# नेपाल चिकित्सक संघ मेची शाखाको नेतृत्व चयन

**बिर्तामोड, माघ ४।** नेपाल चिकित्सक संघ मेची शाखाको अध्यक्ष्मा डा. सीपी यादव निर्विरोध निर्वाचित भएका छन् ।

संघको हालै सम्पन्न अधिवेशनले यादवको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको वरिष्ठ उपाध्यक्षमा डा. सूर्यनारायण शाह, उपाध्यक्षमा डा. वीरेन्द्रकुमार यादव, महासचिवमा डा. धर्मपाल राय, सहसचिवमा डा. पोषणरमण त्रिपाठी, कोषध्यक्षमा डा. दिपेश पोखरेल र सहकोषाध्यक्षमा डा. सीमा प्रधान निर्वाचित भएको निर्वाचन अधिकृत डा. गेहनाथ बरालले जानकारी दिए ।

त्यस्तै समितिका सदस्यहरुमा डा. कुमुदकुमार लिम्बू, डा. गौरीशंकर झा, डा. निराजनप्रसाद पराजुली, डा. राजु श्रेष्ठ, डा. शिखर कट्टेल, डा. सञ्जय कुमार रहेको निर्वाचन अधिकृत बरालले जानकारी दिए ।



**अध्यक्ष, डा. सीपी यादव**


## UAE को राजधानी अबुधावीका लागि नेपाली ट्याक्सी ड्राइभरहरुलाई रोजगारको सुवर्ण अवसर

**नेपाली लाइसेन्स हुनेलाई युएईको लाइसेन्स ग्यारेन्टी गरिनेछ ।**

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

नोटः
युएईको No 1 ARABIA TAXI L.L.C. ABUDHABI कम्पनीको लागि २०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ। तलब ८०० बेसिक+कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने हुँदा जान इच्छुकले तु–सम्पर्क गर्नुहोला। उमेरको हकमा १९ वर्षदेखि माथि ४५ वर्षसम्मको हुनुपर्नेछ। अंग्रेजी सामान्य लेख्न, बोल्न सक्ने हुनुपर्नेछ।

**फाइनल अन्तरवार्ता माघ ८ र ९ गते बुधबार र बिहीबार बिर्तामोडमा हुनेछ ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

## सटर बुकिङ खुल्ला

भद्रपुर मेची पुल भन्सार कार्यालयसँगै व्यवसायिक प्रयोजनका लागि निर्माण हुन गइरहेको १०X१२ देखि ११X२५ सम्मका सटरहरुको बुकिङ खुल्ला गरिएको छ। बुकिङ गर्न चाहनु हुने महानुभावले तु–सम्पर्क गर्नुहोला।

सम्पर्कः सोनी कम्प्लेक्स (खान मोटरसाइकल सेन्टर)
९८१७९०१५८६, ९८०४९५८०९५, ९८०७९५१२३४

## गोरखा होटल

visit nepal 2020
भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै १ महिनाको लागि विशेष छुटसहित हामी निरन्तर तपाईहरुकै सेवामा समर्पित हुनेछौं । हामीसँग स्विट रुम, एक्जुकेटिभ रुम, डिलक्स रुम र नर्मल रुम गरी ४२ वटा रुमहरु उपलब्ध छन् ।
यहाँ लाउन्जको पनि व्यवस्था छ ।
(गोरखा रेष्टुरेण्ट एण्ड बार)

**गोरखा होटल प्रा.लि.**
सम्पर्क: ०२५–५८२३११
इटहरी–सुनसरी, धरान रोड
गोरखा डिपार्टमेन्ट स्टोर पछाडी

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

बिर्तामोड, झापा
सम्पर्क **राजकुमार श्रेष्ठ**
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५

## WEL-COME सोनालिका फ्रि सर्भिसिङ क्याम्प



बिहान ८ बजेसम्म आफ्नो ट्र्याक्टर अनिवार्य रुपमा दर्ता गराइसक्नु पर्नेछ

आकर्षक उपहार तथा छुट
मोबिलमा १०% छुट
स्पेयरमा १०% छुट
सोनालिका T-Shirt १ थान

सर्भिसिङ क्याम्प हुने स्थान तथा मिति
•२०७६ माघ ६ र ७ गते रामचौक, (बिर्तामोड)
२०७६ माघ ८ र ९ गते
•दमक (चियादोकान) २०७६ माघ १० गते बनियानी बजार
२०७६ माघ ११ गते
•दानाबारी शुक्रबारे चौक, इलाम
२०७६ माघ १२ गते इटाभट्टा, मेचीनगर



खेतको राजा
सडकको बादशाह
SONALIKA GORKHA

भारतकादक्ष इन्जिनियरहरुबाट
सोनालिका ट्र्याक्टर फ्रि-सर्भिसिङ क्याम्प
सञ्चालन भइरहेको हुँदासमयमा नै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहोस् ।

अधिकृत बिक्रेता
आध्याश्री इन्टरनेशनल रामचौक, बिर्तामोड-२
फोन: ०२३- ५४२०२१, ९८०१४०९०८१, ९८०१४०९०८२, ९८०१४०९०८३, ९८०१४०९०८४, ९८०१४०९०८५, ९८०१४०९०८६, ९८०१४०९०८७, ९८०१४०९०८८, ९८०१४०९०८९, ९८०१४१८०९१

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर खाँदैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो

# हार्दिक श्रद्धाञ्जलि/ आभार तथा कृतज्ञता

**जन्मः**
**वि.स. २०१०।१२।२६ गते**
**भद्रपुर–८,**
**(साविक वडा नं. ४, झापा)**



**निधनः**
**२०७६।०९।२० गते**
**बिर्तामोड–५, झापा**

## स्व. बिनु गिरी

मेरी धर्मपत्नी/हाम्री ममतामयी आमा **बिनु गिरी**को २०७६ साल पुस २० गतेका दिन असामयिक तथा अकल्पनीय देहावसान भएको घटनाले हामी परिवारजन ज्यादै शोकाकुल एवम् मर्माहत भएका छौं । शोकको यस घडीमा हामी उहाँको आत्माको अनन्त शान्ति एवम् गोलोकगमनको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

मेरी धर्मपत्नी/हाम्री ममतामयी आमा बिनु गिरीको परमधामगमनबाट भएको चिरवियोगको दुःखपूर्ण क्षणमा हामीप्रति सहानुभूति र समवेदना प्रकट गर्दै गोलोकधामबासी आत्माको सायुज्य मोक्षको कामनासहित श्रद्धाञ्जलि अर्पण गर्नु हुने शुभेच्छुकहरू प्रति आभार व्यक्त गर्दछौं ।

साथै सहयात्री तथा संरक्षक वियोगको पीडादायी घडीमा साथ रहनुहुने हाम्रा समस्त शुभचिन्तक, छरछिमेक, इष्टमित्र, बन्धुबान्धव, मलामीजन, कुलकुटुम्ब एवम् राजनीतिक दलका नेता, कार्यकर्ता र पदाधिकारीहरूप्रति सहृदय कृतज्ञता ज्ञापन गर्दछौं ।

**छोरा–बुहारी :**
**आशिष–भावना गिरी**

**छोरी–ज्वाइँ :**
**बन्दना–राजेश गिरी**

**पति :**
**हर्कलाल गिरी**

एवम् **समस्त गिरी परिवार**

**बिर्तामोड–५, झापा**